नेपाल सरकार
शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर


प.सं.:- २०७८/०७९
च.नं.:- ९४२


फोन : ६-६३८८५३
फ्याक्स : ६-६३५११३


मिति: २०७८।०७।२३

श्री सम्वन्धित सबै स्थानीय तहहरु,

विषय : प्राविधिक धार (९-१२) व्यवस्थापन सम्वन्धमा ।

प्रस्तुत विषयमा विषयमा प्राविधिक धार (९-१२) तर्फको कार्यक्रममा यस केन्द्र (साविकको शिक्षा विभाग) अनुदान छनौटमा परेका प्राविधिक तथा व्यावसायिक धार सञ्चालनमा रहेका सामुदायिक विद्यालयहरुले तपशिल बमोजिम व्यवस्थापन गर्न हुन यस केन्द्रको मिति २०७८।०७। २२ को निर्णयानुसार अनुरोध छ ।

सुरेश कुमार जोशी
निर्देशक

तपशिल :

(क) शैक्षिक सत्र २०७० देखि हालसम्म साविकको शिक्षा विभाग बाट अनुमति प्राप्त गरी यस केन्द्रबाट अनुदान छनौटमा परेका सामुदायिक विद्यालयहरुको कार्यक्रम निरन्तरता लागि आ व ०७८/७९ को बजेट तथा कार्यक्रम व्यवस्था भएकोले मापदण्ड र आवश्यकताका आधारमा कक्षा थप अनुमति दिन सकिने हुँदा सम्वन्धित स्थानीय तहबाट अनुमति र कक्षा थप गरी कार्यक्रमलाई निरन्तरता दिन सकिने ।

(ख) यस केन्द्र र साविकको शिक्षा विभाग बाट अनुमति र अनुदान छनौटमा परेका ४८४ प्राविधिक धारका विद्यालयहरुमा प्रशिक्षक, सहायक प्रशिक्षक ,शिक्षक अनुदान एवं प्रति विद्यार्थी लागत लगाएतका विषयमा तपशिल अनुसारको व्यवस्थापन गर्न हुन अनुरोध छ ।

तपशिल

१. कक्षा ९ सञ्चालन गर्दा

- प्रशिक्षक १जना ( सम्वन्धित विषयमा स्नातक) मावि तृतीय श्रेणी सरहको शिक्षक अनुदान
- सहायक प्रशिक्षक १ जना (सम्वन्धित विषयमा डिप्लोमा CTEVT वा सो सरह) निमावि तृतीय श्रेणी सरहको शिक्षक अनुदान

२. कक्षा १० सञ्चालन गर्दा

- प्रशिक्षक १ जना (सम्वन्धित विषयमा स्नातक ) मावि तृतीय श्रेणी सरहको शिक्षक अनुदान
- सहायक प्रशिक्षक १ जना ( सम्वन्धित विषयमा डिप्लोमा CTEVT वा सो सरह ) निमावि तृतीय श्रेणी सरहको शिक्षक अनुदान

नेपाल सरकार
शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

प.सं.:- २०७८/०७९
च.नं.:- ९७३

फोन : ६-६३८८५३
फ्याक्स : ६-६३५११३

३. कक्षा ११ सञ्चालन गर्दा

- मावि विज्ञान शिक्षक १ जना( साविकको उमावि द्धितिय श्रेणी सरहको शिक्षक अनुदान सम्वन्धित विषयमा स्नातकोत्तर भौतिक ,रसायन र जीव विज्ञान मध्य विद्यालयको आवश्यकताको आधारमा कुनै १ कोटा)
- प्रशिक्षक १ जना (सम्वन्धित विषयमा स्नातकोत्तर तर उक्त जनशक्ति उपलब्ध नभएमा १ बर्षको कार्य अनुभव भएका सम्वन्धित विषयमा स्नातक) मावि द्धितिय श्रेणीको सरहको शिक्षक अनुदान

४. कक्षा १२ सञ्चालन गर्दा

- मावि विज्ञान शिक्षक १ जना ( साविकको उमावि मावि द्धितिय श्रेणी सरहको शिक्षक अनुदान सम्वन्धित विषयमा स्नातकोत्तर भौतिक रसायन र जीव विज्ञान मध्य विद्यालयको आवश्यकताको आधारमा कुनै १ कोटा)
- प्रशिक्षक १ जना (सम्वन्धित विषयमा स्नातकोत्तर तर उक्त जनशक्ति उपलब्धता नभएमा १ वर्षको कार्य अनुभव भएका सम्वन्धित विषयमा स्नातक मावि द्धितिय श्रेणी सरहको शिक्षक अनुदान)

५. प्रशिक्षण सहायक (Lab Assistance) : प्रत्येक विद्यालयमा १ जना सम्वन्धित विषयमा कम्तिमा TSLC वा सो सरहको योग्यता भएको प्रावि तृतीय श्रेणीको तलव भत्ता प्रति विद्यार्थी अनुदानबाट व्यवस्था हुने गरी र नपुग विद्यालय स्वयंले समेत व्यवस्था गर्ने गरी ।

६.ल्याव व्यस्थापन बापत पाउने रकम रकम कार्यक्रम कार्यान्वयन पुस्तिकमा तोकिए बमोजिम हुने छ ।

७. प्राविधिक धार तर्फ माथि उल्लेखित कक्षा (९-१२) तर्फ निर्धारित शिक्षक, प्रशिक्षक, सहायक प्रशिक्षकका लागि तोकिएको तलव व. उ. शि नं ३५०००० १५ मा समावेश भई वित्तीय हस्तान्तरण हुने भएकोले सो बाट नियमानुसार भुक्तानीको व्यवस्था सम्वन्धित स्थानीय तर्फ मार्फत हुने छ ।

८.प्राविधिक तथा व्यवसायिक शिक्षाको पाठ्यक्रम पाठ्यक्रम विकास केन्द्रको Website www.moecdc.gov.np मा हेर्न र डाउनलोड गर्न सकिने छ ।

नोट : तोकिएको पूर्वधार र पाठ्यक्रमले तोके बमोजिक पठनपाठन सञ्चालन नभएको देखिएमा जुनसुकै बखतमा अनुदान रोक्का गर्न सकिने छ र कम्प्यूटर इन्जिनियरिङ विषयको हकमा प्रशिक्षक पदको लागि देहाय अनुसारको मध्य कुनै एक योग्यता हुन अनिवार्य छ :

BE- Computer Engineering
BE- Information Technology
BE- Software Engineering
BE- Computer Sytem Engineering

वोद्यार्थ :
शिक्षा विकास तथा समन्वय इकाइ सबै
(आवश्यक सहजीकरण तथा अभिलेख व्यवस्थापनका लागि)